अंक ८,वर्ष १, वैशाख



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



नेपाल प्रहरी प्रधान कार्यालय

अपराध अनुसन्धान विभाग

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. राजन अधिकारी

**सल्लाहकार**
प्र.व.उ. सानुराम भट्टराई
प्र.व.उ. कृष्ण प्रसाद पगेनी

**सम्पादक मण्डल**
प्र.ना.उ.रबिन्द्र राज पाण्डे
प्र.नि. केवि गुरूङ
प्र.ना.नि. गणेश बहादुर थिङ

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**ले-आउट/ग्राफिक्स**
प्र.ह. कल्पना राई


| शिर्षक | पृष्ठ |
|---|---|
| विभागीय गतिविधि | १ - ३ |
| अपराध तथ्याङ्क | ४ - ९ |
| प्रहरी सेवा प्रवाह | १०- १३ |
| खोजतलास तथा समन्वय | १४ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १५ - १६ |
| अपराध समाचार | १७ -२० |
| उत्कृष्ट अनुसन्धान | २१ |

# विभागीय गतिविधि

## प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूको स्वागत सम्पन्न



**काठमाडौं, १७ वैशाख**

मिति २०८२।०१।१७ गते प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूलाई प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा विभागीय प्रमुखको रुपमा स्वागत गरियो । प्रहरी अतिरिक्त महानिरीक्षकज्यूलाई अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यू, प्रहरी नायव महानिरीक्षक उमा प्रसाद चतुर्वेदीज्यू तथा प्रहरी नायव महानिरीक्षक अरुण पौडेलज्यू लगायत विभागका सिनियर प्रहरी अधिकृतज्यूहरु, जुनियर प्रहरी अधिकृतज्यूहरु र अन्य प्रहरी कर्मचारीहरु समेतले स्वागत गर्नु भयो।

## प्रहरी नायव माहानिरीक्षकज्यूहरुको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



**काठमाडौं, २३ वैशाख**

नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभाग , कर्मचारी प्रशासन शाखाको पत्रद्धारा, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धानबाट बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडा, मकवानपुर सरुवा भई जान लाग्नु भएका प्रहरी नायव महानिरीक्षक अरुण पौडेलज्यू र मधेश प्रदेश प्रहरी कार्यालय,जनकपुर,धनुषा सरुवा भई जान लाग्नु भएका प्रहरी नायव महानिरीक्षक उमा प्रसाद चतुर्वेदीज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो । उहाँलाई यस विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले मायाको चिनो प्रदान गर्नु भयो। साथै शाखा ,महाशाखा, निर्देशनालयका प्रमुखहरु सहितमा आवश्यक निर्देशन सम्बोधन समेत गर्नु भयो। प्रहरी नायव महानिरीक्षकज्यूहरुले आफ्नो तर्फबाट प्रतिवद्धता मन्तव्य व्यक्त गर्नु भयो। यसै कार्यक्रमको अवसरमा अपराध अनुसन्धान विभागमा सरुवा भई हाजिर हुन आउनु भएका प्रहरी अधिकृहरुलाई समेत स्वागत गर्नु भयो। उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरु र अन्य सकल दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## प्रहरी उपरीक्षक ज्यूहरुको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



**काठमाडौं, १९ वैशाख**

नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभाग , कर्मचारी प्रशासन शाखाको पत्रद्धारा, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागबाट जिल्ला प्रहरी कार्यालय कैलाली सरुवा भई जान लाग्नु भएका प्रहरी उपरीक्षक बाल नरसिंह राणा , जिल्ला प्रहरी कार्यालय, बाग्लुङ सरुवा हुनुभएका प्रहरी उपरीक्षक तिलक भारती, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, अत्तरिया, कैलाली सरुवा हुनु भएका प्रहरी उपरीक्षक प्रेम बहादुर शाही, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, बारा सरुवा हुनु भएका, प्रहरी उपरीक्षक राज कुमार सिलवालज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो। उहाँहरुलाई यस विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले मायाको चिनो प्रदान गर्नु भयो। साथै सरुवा भई जान लाग्नु भएका प्रहरी अधिकृतज्यूहरुले आ-आफ्नो तर्फबाट प्रतिवद्धता मन्तव्य व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरु र अन्य सकल दर्जाका कर्मचारीहरुको उपस्थिति रहेको थियो।

## प्रहरी वरिष्ठ उपरीक्षकज्यूको बिदाई कार्यक्रम सम्पन्न



***काठमाडौं, ३ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, मानवश्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको च.नं. ६२५१ मिति २०८१।०१।०३ गतेको पत्रानुसार प्रहरी नियमावली, २०७१ (संशोधन सहित) को नियम १२७ को उपनियम १ ग(१) बमोजिम मिति २०८१।०१।०३ गते ५८ वर्ष उमेर हदको आधारमा अपराध अनुसन्धान विभाग अन्तर्गत नेपाल प्रहरी केन्द्रीय विधी विज्ञान प्रयोगशाला, सामाखुशी, काठमाडौंको जिम्मेवारी सम्हाल्दै आउनु भएका प्रहरी वरिष्ठ उपरीक्षक राकेश कुमार सिंह ज्यू को बिदाई कार्यक्रम सम्पन्न भयो । सेवा निवृत भई जान लाग्नु भएका प्रहरी वरिष्ठ उपरीक्षक राकेश कुमार सिंहज्यूलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक अरुण पौडेलज्यूले कार्यालयको तर्फबाट खादा तथा मायाको चिनो प्रदान गर्नु भएको थियो । सो अवसरमा बिदाई भई जान लाग्नु भएका प्रहरी वरिष्ठ उपरीक्षक राकेश कुमार सिंहज्यूले आफ्नो तर्फबाट आफ्नो सेवा अवधिको अनुभव सहितको मन्तव्य व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षक ज्यू, सिनियरर प्रहरी अधिकृत ज्यूहरु लगायत अन्य दर्जाका प्रहरी कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो ।

## प्रहरी उपरीक्षकज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, २१ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको पत्रद्धरा, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक सरुवा हुनु भएका प्रहरी उपरीक्षक कोमल शाहज्यूको धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न भयो । उहाँलाई यस विभागका विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले बिदाई तथा मायांको चिनो प्रदान गर्नु भयो । साथै सरुवा भई जान लाग्नु भएका प्रहरी अधिकृतज्यूले आफ्नो तर्फबाट प्रतिवद्धता मन्तव्य व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरु र अन्य दर्जाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, १४ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभाग, कर्मचारी प्रशासन शाखाको पत्रद्धरा, नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, इन्टरपोल शाखाबाट जिल्ला प्रहरी कार्यालय मुस्ताङ सरुवा भई जान लाग्नु भएका इन्टरपोल शाखामा कार्यरत प्रहरी नायव उपरीक्षक छिरिङ् किप्पा लामा, साबिक नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, यू.एन. शाखाबाट प्रहरी वृत्त, थानकोट, काठमाडौंमा सरुवा भई जान लाग्नु भएका भएका यु.एन. शाखामा कार्यरत प्रहरी नायव उपरीक्षक एलिजा गिरी र साबिक नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, सुपरीवेक्षण तथा अनुगमन शाखाबाट जिल्ला प्रहरी कार्यालय, कास्कीमा सरुवा भई जान लाग्नु भएका यस अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी नायव उपरीक्षक हरि बहादुर बस्नेतको शुभकामना तथा धन्यवाद कार्यक्रम सम्पन्न भयो । उहाँहरुलाई यस विभागका प्रहरी नायव महानिरीक्षक अरुण पौडेलज्यूले मायाको चिनो प्रदान गर्नु भयो । साथै सरुवा भई जान लाग्नु भएका प्रहरी अधिकृतज्यूहरुले आ-आफ्नो तर्फबाट प्रतिवद्धता मन्तव्य व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरु र अन्य दर्जाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## धन्यवाद तथा शुभकामना कार्यक्रम सम्पन्न



***काठमाडौं, २२ वैशाख***

नेपाल प्रहरी प्रधान कार्यालय , मानवस्रोत विकास विभाग , कर्मचारी प्रशासन शाखाको पत्रद्धारा, नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागबाट श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, केन्द्रीय कार्यालय, प्रहरी महाशाखा, टंगाल सरुवा भई जान लाग्नु भएका प्रहरी निरीक्षक फुलमाया घिसिङज्यूको धन्यवाद तथा शुभाकामना कार्यक्रम सम्पन्न भयो । उहाँलाई यस विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूले

मायाको चिनो प्रदान गर्नु भयो । साथै सरुवा भई जान लाग्नु भएका प्रहरी निरीक्षकज्यूले आफ्नो तर्फबाट प्रतिवद्धता मन्तव्य व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा सिनियर प्रहरी अधिकृतहरु र अन्य दर्जाका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ

***काठमाडौं, १८, वैशाख***



जबरजस्ती करणी मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी दोलखा गौरीशंकर गाउँपालिका-५ सुरी डाँडा टोल ठेगाना भएका बागसिं भन्ने रबिन तामाङ पक्राउ परेका छन् । साउदी अरबबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आगमन आउने क्रममा एनसिबि काठमाडौंबाट खटिएको प्रहरीले उनलाई विमानस्थलबाट पक्राउ गरेको हो । जबरजस्ती करणी मुद्दामा फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि जिल्ला प्रहरी कार्यालय दोलखाबाट अनुरोध भएपश्चात एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ अगस्ट २१ मा उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि प्रहरी वृत गौशालामा पठाइएको नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## दर्ज्यानी चिन्हद्धारा सुशोभन कार्यक्रम सम्पन्न



***काठमाडौं, २४ वैशाख***

नेपाल प्रहरी जनपद समुहतर्फ प्रहरी सहायक निरीक्षक पदबाट प्रहरी नायव निरीक्षक पदमा बढुवा हुनु भएका लक्ष्मी माया दाहाललाई अपराध अनुसन्धान विभागका विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीज्यूद्धारा दर्ज्यानी चिन्ह सुशोभन कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा प्रहरी नायव महानिरीक्षकज्यू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरु, प्रहरी उपरीक्षकज्यूहरु ,प्रहरी नायव उपरीक्षकज्य, प्रहरी निरीक्षकज्यूहरु तथा अन्य सकल दर्जाका प्रहरी कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

## इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ



***काठमाडौं, २५ वैशाख***

जबरजस्ती करणी सम्बन्धी कसूर (वैवाहिक करणी) मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार प्रतिवादी पर्सा वीरगंज महानगरपालिका-३१ बेलवाप्रसौनी ठेगाना भएका समसुदिन अंसारी पक्राउ परेका छन् । एनसिबि कतार दोहाको समन्वयमा कतारमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारवाही गर्ने/गराउने प्रयोजनार्थ नेपाल फिर्ता ल्याइएको छ । उक्त मुद्दामा संलग्न रही फरार रहेका उनलाई अन्तर्राष्ट्रिय स्तरमा खोजतलास एवम् पक्राउ गर्नको लागि एनसिबि काठमाडौंको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२५ अप्रिल १ गते उनी विरूद्ध रेड नोटिस जारी भएको थियो । उनलाई सम्बन्धित कसूर बमोजिम कानूनी कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्सा बुझाइने नेपाल प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाले जनाएको छ ।

## Special Training for IT Support Group Training सम्पन्न



***काठमाडौं, १४ वैशाख***

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जको तत्वाधानमा नेपाल प्रहरी प्रधान कार्यालय, सूचना प्रविधि निर्देशनालयका प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८१।११।१८ गते देखि मिति २०८२।०१।१४ गतेसम्म संचालित ४५ कार्यदिने Special Training for IT Support Group विषयक Training सम्पन्न भयो । उक्त तालिममा प्रहरी प्रहरी हवल्दार १, प्रहरी सहायक हवल्दार १३ र प्रहरी जवान २४ गरि जम्मा ३८ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो । Special Training For IT Support Group Training सफलतापूर्वक सम्पन्न गरेकोमा सहभागीहरुलाई प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले बधाई व्यक्त गर्नुभयो । उक्त अवसरमा प्रहरी नायव महानिरीक्षक अरुण कुमार भण्डारीज्यूले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र वितरण गर्नु हुँदै प्रशिक्षार्थीहरुले तालिमबाट प्राप्त गरेका ज्ञान, शिप र दक्षतालाई आ-आफ्नो कार्यक्षेत्रमा जिम्मेवारीपूर्वक त्रुटीरहित ढंगबाट कार्य सम्पादन गर्न निर्देशन समेत दिनु भयो ।

# अपराध तथ्याङ्क

## देशभरको वैशाख महिनाको अपराध तथ्याङ्क (मुद्दा दर्ता संख्या)




## देशभरको - त्रैमासिक मुद्दा दर्ता संख्या (फागुन - वैशाख)



## देशभर- त्रैमासिक मुद्दा दर्ता र फछर्यौट संख्या ( फागुन-वैशाख )




## वार्षिक अपराध तथ्यांक (०७७/०७८ देखि ०८१/०८२ वैशाख सम्म)



## जघन्य अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ वैशाख)




## गम्भीर अपराधको मुद्दा दर्ता (आ.व. २०८१।०८२ वैशाख)



## सामान्य अपराधको मुद्दा दर्ता संख्या (आ.व. २०८१।०८२ वैशाख)




## २०८२ वैशाख महिनामा घरेलु हिंसा सम्बन्धी विवरण



## २०८२ वैशाख महिनामा जबरजस्ती करणी मुद्दामा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण




## २०८२ वैशाख महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल संख्यागत विवरण



## २०८२ वैशाख महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ संख्या

| सि.नं. | प्रदेश/उपत्यका/व्यूरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ४५७ | २९ वर्ष ३ महिना १४ दिन | ५३६८२७९१ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | १७८ | ८९ वर्ष ९ महिना १८ दिन | ९८०७७३४ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ५८२ | ३७ वर्ष १० महिना १४ दिन | ६६५४३२० |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ६७ | ३२ वर्ष ५ महिना २७ दिन | १४३३०१९७ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ९७ | ६ वर्ष ६ महिना १६ दिन | ६५०९२५७ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | २२१ | १०५ वर्ष ० महिना १९ दिन | ५५९४२७१ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ३६ | ८ वर्ष ० महिना २५ दिन | १०५११८८ |
| ८. | सुदरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | ८६ | २० वर्ष ११ महिना २ दिन | २२०६५५८ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १२ | ८ वर्ष ० महिना २७ दिन | १७६२९८४४ |
| | **जम्मा** | **१७३६ जना** | **३३८ वर्ष २ महिना १ दिन** | **रु. ११, ७४, ६६, १६०।-** |

## २०८२ वैशाख महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्दा संख्या




## २०८२ चैत र वैशाख महिनाको लागू औषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## २०८२ वैशाख महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या




## २०८२ वैशाख महिनामा चालचलन शाखाको प्रगती विवरण

| क्र.सं. | विवरण | कार्य विवरण | |
|---|---|---|---|
| | | दर्ता | बितरण |
| १. | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण | १०४३३० | ८५११० |
| २. | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | १ | १ |
| ३. | अध्यागमन विभाग | ४८४ | २८६ |
| ४. | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | ९ | ९ |
| ५. | औंठाछाप प्रमाणिकरण | १०४ | १०४ |
| | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ९ | ९ |
| **जम्मा** | | १०४९३७ | ८५५१९ |

## सामुदायिक प्रहरी गतिविधि

२०८२ वैशाख महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरका समुदाय-प्रहरी साझेदारी र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु :
<u>(गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं. १२४ कार्यक्रमहरू)</u>




# आसरा सुधार केन्द्र रानीबारी

## २०८२ वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



# आसरा सुधार केन्द्र पानिवरी , धरान सुनसरी

## २०८२ वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या




# आसरा सुधार केन्द्र, फुलवारी धनगढी कैलाली

## २०८२ वैशाख महिनामा लागू औषध सेवनकर्ताहरुको उपचारार्थ संख्या



## २०८२ वैशाख महिनामा नेपालमा रहेका विदेशी नागरिकहरुको संख्यात्मक विवरण

| सि.न. | कार्य विवरण | संख्या |
|---|---|---|
| १. | विदेशी नागरिकहरूको मृत्यु | १५ जना |
| २. | विदेशी नागरिकहरूको पक्राउ | २७ जना |
| ३. | हराएका विदेशी नागरिकहरु | ० |
| ४. | नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकहरुको विवरण | ५३,७४७ जना |
| ५. | विदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको। | ४ जना |



# खोजतलास तथा समन्वय

## २०८२ वैशाख महिनामा हराएका, फेला परेका तथा खोजतलास भएका बालबालिकाहरुको संख्या




## वैशाख महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पुनर्मिलन र बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण



# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

❖ Digital Forensics Lab बाट २०८२ सालको वैशाख महिनामा बिभिन्न १८ वटा मुद्दा शीर्षक ( चोरी, किर्ते, ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचबिखन तथा ओसार पसार, बिद्युतीय अपराध, जबरजस्ती करणी, कर्तव्य ज्यान, मानिस बेपत्ता, ठगी, संगठित अपराध, बालयौन दुरुपयोग, बैकिङ कसूर, अनलाईन ठगी, जुवा, अभौतिक मुद्रा र राज्य बिरुद्धको कसुर ) अन्तर्गत ९५ वटा मुद्दाको ४५१ वटा सबुदहरु परीक्षण गरिएको।

## दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre )

❖ वैशाख महिनामा अपराध अनुसन्धानको सिलसिलामा विभिन्न प्रहरी इकाईहरु तथा नेपाल प्रहरी प्रदेश कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराएको।



## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाण्डौबाट २०८२/०१/०१ गतेदेखि २०८२/०१/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ६४३ केशहरुको ३२७० नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डीङ केशहरु समेत गरी ४११ केशहरुको २६५२ नमूनाहरु परीक्षण गरिएको।
- मिति २०८२/०१/०१ गते देखि २०८२/०१/३१ गते सम्म यस प्रयोगशालाबाट (AFIS) मा १९५० DATA Entry भएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट २०८२/०१/०१ गतेदेखि २०८२/०१/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि २१३ केशहरुको ७८७ नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी २८५ केशहरुको १३०९ नमूनाहरु परीक्षण गरिएको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट २०८२/०१/०१ गतेदेखि २०८२/०१/३१ गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि ६० केशहरुको २०१ नमूनाहरु प्राप्त भएकोमा नयाँ / पुरानो पेण्डीङ केशहरु समेत गरी ९४ केशहरुको २५३ नमूनाहरु परीक्षण गरिएको।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

**२०८२ वैशाख महिनामा केनाईन परिचालित संख्या**



# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

***काठमाडौं, २० वैशाख***

**काठमाडौं**, नागार्जुन नगरपालिका-३ रातामाटे बस्ने सिन्धुली फिक्कल गाउँपालिका-५ घर भएका ४५ वर्षीय सन्तोष माझीको हत्या गरेको अभियोगमा उनकै भान्जा नाता पर्ने सोही ठाउँ बस्ने २८ वर्षीय सुरज तामाङलाई प्रहरीले पक्राउ गरेको छ। सुरजले फलामको पाइप प्रहार गर्दा सन्तोषको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त स्वयम्भूबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

**मुगु**, छाँयानाथ रारा नगरपालिका-१२ लुम्स गाउँ बस्ने ३६ वर्षीया दुर्गा ऐडीको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २५ वर्षीया बिमला बुढालाई जिल्ला प्रहरी कार्यालय मुगुबाट खटिएको प्रहरीले पक्राउ गरेको छ। जग्गाको विषयलाई लिएर बिमलाले कुटपिट गर्दा गम्भीर घाइते भएकी दुर्गाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा थप उपचारको क्रममा मृत्यु भएको थियो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी पक्राउ

***धनुषा, २५ वैशाख***

कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग मुद्दाका फरार प्रतिवादी जनकपुरधाम उपमहानगरपालिका-२३ बस्ने ५५ वर्षीय रामदहिन महतो भन्ने गुजरा महतोलाई प्रहरीले पक्राउ गरेको छ। महतो समेतले गत चैत २ गते चक्कु प्रहार गर्दा गम्भीर घाइते भएका सोही ठाउँ बस्ने १८ वर्षीय आशु यादवको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको र सोही ठाउँ बस्ने रूपेश कुमार यादव घाइते भएको घटनामा संलग्न रही फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले धनौजी गाउँपालिका-४ बाट पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***दाङ, ३० वैशाख***

आफ्नै श्रीमान् ६५ वर्षीय पुनाराम सुनारी मगरको हत्या गरेको अभियोगमा बंगलाचुली गाउँपालिका-७ हल्दी बस्ने ५० वर्षीया संगीता सुनारी मगरलाई प्रहरीले पक्राउ गरेको छ। संगीताले घरायसी विवादको क्रममा दाउराको चिर्पट प्रहार गर्दा पुनारामको घटनास्थलमै मृत्यु भएको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय भालुबाङ र प्रहरी चौकी हासिँपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### हत्या गरेको अभियोगमा पक्राउ

***दाङ, २८ वैशाख***

आफ्नै श्रीमती ३४ वर्षीया विटी हेमरन भन्ने पूजा हेमरनको हत्या गरेको अभियोगमा कन्काई नगरपालिका-२ सुकेडागी बस्ने ३५ वर्षीय कविराज हेमरनलाई प्रहरीले पक्राउ गरेको छ। कविराजले खुकुरी प्रहार गर्दा पूजाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सुरूङ्गाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### विभिन्न धनमाल चोरी

***काठमाडौं, ३ वैशाख***

बुढानिलकण्ठ नगरपालिका-२ माथिल्लो भंगाल लामिछाने टोल बस्ने भरत राज श्रेष्ठको घरबाट नगद ७० हजार रूपैयाँ र करिब साढे १४ तोला बराबरको सुनका विभिन्न गरगहना समेत गरी करिब २६ लाख ७० हजार रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### ठगी मुद्दाका फरार प्रतिवादी पक्राउ

***झापा, ४ वैशाख***

ठगी मुद्दाका फरार प्रतिवादी हल्दिबारी गाउँपालिका-१ बस्ने ६१ वर्षीय नर बहादुर विकलाई प्रहरीले पक्राउ गरेको छ। ठगी मुद्दामा जिल्ला अदालत झापाको २०५७ भदौ ४ गतेको फैसला उल्टी हुने ठहरी तत्कालीन पुनरावेदन अदालत इलामबाट २०५८ माघ २२ गतेको फैसला अनुसार १ वर्ष कैद र ५३ हजार ३ सय ३३ रूपैयाँ ३३ पैसा जरिवाना फैसला भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत झापामा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय झापा पठाइएको छ।

### नेपाल सरकारको उपसचिव हुँ भनी ठगी गर्ने महिला पक्राउ

***काठमाडौं, ९ वैशाख***

नेपाल सरकारको उपसचिव हुँ भन्दै ठगी गरेको अभियोगमा दैलेख घर भई ललितपुर महानगरपालिका-२५ बस्ने ४० वर्षीया जानकी न्यौपानेलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-११ त्रिपुरेश्वरबाट पक्राउ गरेको हो। जानकीले विभिन्न व्यक्तिलाई फरक फरक परिचय दिई आफू कानून मन्त्रालयको उपसचिव हुँ, हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत छु, तपाईलाई विमानस्थलको विभिन्न शीर्षकमा ठेक्का मिलाई दिन्छु सो प्रयोजनको लागि राजस्व र धरौटी रकम जम्मा गर्नुपर्छ भनी ७ लाख ६० हजार ८

सय रूपैयाँ लिएको र अन्य २ जना पीडितहरूलाई अनुदान तथा ठेक्का मिलाई दिन्छु भनी केही रकम लिई ठगी गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । उनलाई ठगी सम्बन्धी कसूरमा आवश्यक अनुसन्धान एवम् कारवाहीको लागि जिल्ला प्रहरी परिसर ललितपुर पठाइएको छ ।

## फिसिङ लिङ्क पठाई ईसेवाको रकम चोरी गर्ने व्यक्ति पक्राउ

***काठमाडौं, ३ वैशाख***

फिसिङ लिङ्क पठाई ईसेवाको रकम चोरी गरेको अभियोगमा काठमाडौं अनामनगर बस्ने कञ्चनपुर कृष्णपुर नगरपालिका-१ घर भएका २२ वर्षीय राहुल बुढालाई प्रहरीले पक्राउ गरेको छ । विभिन्न व्यक्तिहरूलाई एसएमएस मार्फत फिसिङ लिङ्क पठाई खाता Suspend हुन लागेको भनी चेतावनी दिई भेरिफाईको लागि लिङ्क खोल्न लगाई ईसेवामा अनाधिकृत पहुँच पुऱ्याई ४ हजार भन्दा बढी व्यक्तिहरूको ईसेवामा रहेको मौज्दात रकम पशुपति ग्लोबल इनोभेसन प्रा.लि. को खाताहरूमा १ करोड २ लाख रूपैयाँ बराबरको रकम ट्रान्सफर गरी रकम चोरी गर्ने कार्यमा संलग्न उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं कालिमाटीबाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

## बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १२ वैशाख***

बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी बुढानिलकण्ठ नगरपालिका-८ भंगाल बस्ने सिन्धुली तीनपाटन गाउँपालिका-३ घर भएका ३६ वर्षीय एक राज श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत काठमाडौंबाट उक्त मुद्दामा पक्राउ पूर्जी जारी भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-९ सिनामंगलबाट पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि प्रहरी वृत्त नयाँबानेश्वर पठाइएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## सामाजिक सञ्जालको दुरूपयोग गरी ठगी गरेको अभियोगमा सात जना पक्राउ

***धनुषा, २५ वैशाख***

सामाजिक सञ्जालको दुरूपयोग गरी ठगी गरेको अभियोगमा ७ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा धनुषाधाम नगरपालिका-१ बस्ने २३ वर्षीय सुरज साह, क्षिरेश्वरनाथ नगरपालिका-२ बस्ने २२ वर्षीय श्याम सुन्दर महरा, सोही नगरपालिका-१ बस्ने २० वर्षीय राम कुमार महरा, सर्लाही बरहथवा नगरपालिका-७ बस्ने २२ वर्षीय नितेश कुमार साह, महोत्तरी गौशाला नगरपालिका-१ बस्ने २२ वर्षीय रोशन साह, २१ वर्षीय सुधिर कुमार महतो र गौशाला नगरपालिका-२ बस्ने १९ वर्षीय अमित साह रहेका छन् ।इन्स्टाग्राम, टिकटक, फेसबुक लगायतका सामाजिक सञ्जाल मार्फत सर्वसाधारण नागरिकहरूलाई अनलाइन माध्यमबाट विभिन्न किसिमका मोबाइल तथा लत्ताकपडाहरू लगायतका सरसामानहरू सस्तोमा दिने भनि विश्वासमा पारी ठगी गरिरहेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो । उनीहरूले हाल सम्म २१ वटा सामाजिक सञ्जाल एकाउन्ट तथा पेजहरूको प्रयोग गरी ठगी गरेको, सामाजिक सञ्जालमा पोष्ट गरिएका सामानहरूको फोटो तथा भिडियोहरूबाट सर्वसाधारण नागरिकले उक्त सामानहरू खरिद गर्ने भनि सम्पर्क गर्दा अग्रिम भुक्तानी गर्नुपर्छ भनि रकम पठाउन लगाउने गरेको, सर्वसाधारण नागरिकको नाममा बैंक, वित्तिय संस्था तथा वालेटहरूमा खाता खोल्न लगाई सोही खाताहरूमा अनलाइन माध्यमबाट रकम पठाउन लगाएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ ।साथै उनीहरूको साथबाट बरामद भएको मोबाइलबाट विभिन्न बैंक वित्तिय संस्था तथा वालेट आईडि समेत गरी १ सय ८७ वटा खाताहरूको विवरण फेला परेको र उक्त खाताहरूबाट हाल सम्म २ करोड ६३ लाख ९३ हजार १ सय ९१ रूपैयाँ ८ पैसा कारोबार भएको समेत अनुसन्धानको क्रममा खुल्न आएको छ । उनीहरू उपर ठगी कसूरमा जिल्ला अदालत धनुषाबाट म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***पर्वत, २५ वैशाख***

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा फलेवास नगरपालिका-६ साङ्खोला बस्ने ३५ वर्षीय सूर्य नेपालीलाई प्रहरीले पक्राउ गरेको छ । नेपालीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***सुर्खेत, २१ वैशाख***

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा वीरेन्द्रनगर नगरपालिका-३ पंचकोशी संगमटोल बस्ने ६० वर्षीय गगन कामीलाई प्रहरीले पक्राउ गरेको छ । गगनले ती बालिकालाई गत चैत १३ गते जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

***काठमाडौं, ३१ वैशाख***

गुल्मी, १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बाग्लुङ बडिगाड गाउँपालिका-९ खहरे बस्ने १९ वर्षीय हिरा कामीलाई प्रहरीले पक्राउ गरेको छ । हिराले ती बालिकालाई रेसुङ्गा नगरपालिका-२ बाखेछेडामा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय गुल्मीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । तनहुँ, १८ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा शुक्लागण्डकी नगरपालिका-१ अल्छिबिसौना बस्ने ७२ वर्षीय केशवराज पौडेललाई प्रहरीले पक्राउ गरेको छ । केशवराजले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको

प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लागु औषध सम्बन्धी

## करिब १ सय ८० किलो गाँजा बरामद

***उदयपुर, १ वैशाख***

बेलका नगरपालिका-८ सप्तकोशी किनारबाट वेवारिसे अवस्थामा रहेको अवैध लागूऔषध गाँजा करिब १ सय ८० किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला र अस्थायी प्रहरी पोष्ट कोठुबाट खटिएको प्रहरीले उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय ४४ किलोग्राम गाँजा सहित बोलेरो चालक पक्राउ

***सर्लाही, ४ वैशाख***

लालबन्दी नगरपालिका-११ हिरापुरबाट अवैध लागूऔषध गाँजा करिब २ सय ४४ किलोग्राम सहित सोही नगरपालिका-१ नवलपुर बस्ने २५ वर्षीय सुशिल चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय लालबन्दीबाट खटिएको प्रहरीले मरिनबाट लालबन्दीतर्फ आउँदै गरेको बा.२० च १७८२ नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा धानको भुस्साको बोरा मुनी लुकाई छिपाई ल्याएको उक्त परिमाणको गाँजा फेला पारी चालक चौधरीलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय ४४ किलोग्राम गाँजा सहित बोलेरो चालक पक्राउ

***सर्लाही, ४ वैशाख***

लालबन्दी नगरपालिका-११ हिरापुरबाट अवैध लागूऔषध गाँजा करिब २ सय ४४ किलोग्राम सहित सोही नगरपालिका-१ नवलपुर बस्ने २५ वर्षीय सुशिल चौधरीलाई प्रहरीले पक्राउ गरेको छ।इलाका प्रहरी कार्यालय लालबन्दीबाट खटिएको प्रहरीले मरिनबाट लालबन्दीतर्फ आउँदै गरेको बा.२० च १७८२ नम्बरको बोलेरो गाडीलाई जाँच गर्ने क्रममा धानको भुस्साको बोरा मुनी लुकाई छिपाई ल्याएको उक्त परिमाणको गाँजा फेला पारी चालक चौधरीलाई पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ३ सय २३ किलो गाँजा सहित एक जना पक्राउ

***सुनसरी, ९ वैशाख***

कोशी गाउँपालिका-१ भन्सार कार्यालय अगाडिबाट अवैध लागूऔषध गाँजा करिब ३ सय २३ किलो २ सय १० ग्राम र खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम सहित भोजपुर अरुण गाउँपालिका-५ बस्ने २६ वर्षीय तेजेन्द्र कार्कीलाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगर र इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेका उनलाई खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित पक्राउ गरेको थियो। थप अनुसन्धानको क्रममा उनले सोही ठाउँमा पार्किङ गरी राखेको प्रदेश १-०२-००२ च ५३४८ नम्बरको योद्धा गाडीलाई प्रहरीले तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब ३ सय किलोग्राम गाँजा बरामद

***सुनसरी, १३ वैशाख***

धरान उपमहानगरपालिका-१३ बाट अवैध लागूऔषध गाँजा करिब ३ सय किलोग्राम प्रहरीले बरामद गरेको छ। अस्थायी प्रहरी चौकी अमरहाटबाट खटिएको प्रहरीले सुर्यमार्गको बाटो हुँदै कृषि बजार छिर्ने बाटोमा को.१ च ७३३५ नम्बरको स्कारपियो फेला पारी तलासी गर्दा पछाडीको सिटमा १० वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब १ सय ८० किलो गाँजा सहित एम्बुलेन्स चालक पक्राउ

***सुनसरी, २१ वैशाख***

रामधुनी नगरपालिका-६ पिडारीबाट अवैध लागूऔषध गाँजा करिब १ सय ८० किलोग्राम सहित बराहक्षेत्र नगरपालिका-४ बस्ने २५ वर्षीय श्रीराज कुमार साहलाई प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय रामधुनीबाट खटिएको प्रहरीले बिआर ३८ पि ५४१४ नम्बरको एम्बुलेन्सलाई जाँच गर्ने क्रममा सेतो बोराले बेरेको ६ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी एम्बुलेन्स चालक श्रीराजलाई पक्राउ गरेको हो।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## करिब २ सय किलोग्राम गाँजा सहित तीन जना पक्राउ

***चितवन, २४ वैशाख***

खैरहनी नगरपालिका-३ टुंगाराबाट अवैध लागूऔषध गाँजा करिब २ सय किलोग्राम सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा भारत बिहार मोतिहारी मधुवन बस्ने ४० वर्षीय बिरेश यादव, राप्ती नगरपालिका-१२ बस्ने ४७ वर्षीय चन्द्रबहादुर तामाङ र २५ वर्षीय सुभाष तामाङ रहेका छन्। इलाका प्रहरी कार्यालय खैरहनी र प्रहरी चौकी चैनपुरबाट खटिएको प्रहरीले बिआर ०५ जिसि ९५१३ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा ट्रकको क्याबिनमा फल्स बटम बनाई लुकाईछिपाई राखेको उक्त परिमाणको गाँजा फेला पारी ट्रक चालक बिरेश तथा ट्रकमा सवार चन्द्रबहादुर र सुभाषलाई समेत पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# अन्य अपराध

## बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर सहित भारतीय नागरिक पक्राउ

***काठमाडौं, १० वैशाख***

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडान तर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियाबाट अवैध रूपमा बाह्य मुलुकतर्फ लैजान लागेको अमेरिकी डलर ६० हजार १ सय सहित भारतीय नागरिक ४० वर्षीया सोनी गुरूङलाई प्रहरीले पक्राउ गरेको छ

। इन्डिगो एयरको उडानद्वारा काठमाडौंबाट दिल्ली जान लागेकी उनलाई जाँच गर्ने क्रममा उनको साथमा रहेको सुटकेसबाट उक्त अमेरिकी डलर फेला पारी पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान एवम् कानूनी कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको छ।

## मानव बेचबिखनमा संलग्न फरार प्रतिवादी पक्राउ

***काठमाडौं, १३ वैशाख***

मानव बेचबिखनमा संलग्न फरार प्रतिवादी सिन्धुपाल्चोक पाँचपोखरी थङपाल गाउँपालिका-७ खोङ्गे ठेगाना भएका ६७ वर्षीय चमारे भन्ने चमार तामाङलाई प्रहरीले पक्राउ गरेको छ। मानव बेचबिखन अनुसन्धान ब्यूरो बबरमहलबाट खटिएको प्रहरीले उनलाई उनकै घर वतनबाट पक्राउ गरेको हो । चमार तामाङ समेतले काठमाडौं चाबाहिलस्थित गलैचा बुन्ने कारखानामा काम गर्ने पीडितलाई यो काम गर्दा टिबी रोग लाग्छ, हङकङमा गएर सुनको व्यापार गरौ, तिमी जस्तो केटीले बढी सुन ल्याउन सक्छौ भनी विश्वास दिलाई २०४४ पुस १९ गते काठमाडौंबाट दिल्ली हुँदै मुम्बईस्थित रिता तामाङ नाम गरेकी नेपाली महिलाले सञ्चालन गरेको कोठीमा पुऱ्याई भारतीय ८० हजार रूपैयाँमा बेचबिखन गरी उक्त वेश्यालयमा जबरजस्ती ७ वर्ष सम्म वेश्यावृत्तिको काममा लगाएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ । साथै पीडितले २०५२ फागुन १ गते जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकमा तामाङ विरूद्ध जाहेरी दिएकोमा प्रारम्भिक अनुसन्धान सम्पन्न पश्चात अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाएकोमा २०५२ फागुन ८ गते जिल्ला प्रहरी परिसर काठमाडौंमा मुद्दा दर्ता भई थप अनुसन्धानको लागि २०७७ असोज २० गते मानव बेचबिखन अनुसन्धान ब्यूरोमा सक्कल मिसिल प्राप्त भएको थियो। उनी उपर जिल्ला अदालत काठमाडौंबाट ७ दिन म्याद थप अनुमति लिई यस

## अपहरणमा संलग्न रहेको अभियोगमा चार जना पक्राउ

***पर्सा, १८ वैशाख***

बारा कलैया उपमहानगरपालिका-१८ बस्ने २६ वर्षीय सुधिर प्रसाद साहको अपहरण गरेको घटनामा संलग्न रहेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा पर्सा वीरगंज महानगरपालिका-१२ मुर्ली बस्ने २३ वर्षीय रिकेश कुमार गुप्ता, २५ वर्षीय राजन गुप्ता, सखुवाप्रसौनी गाउँपालिका-३ बस्ने २४ वर्षीय सिकेन्द्र साह र एक नाबालक रहेका छन्। सुधिरलाई अपहरण गरी बन्धक बनाई फिरौती रकम माग गरेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरीले वीरगंज महानगरपालिका-१२ मुर्लीस्थित घरमा बन्धक बनाई राखेको अवस्थामा सुधिरलाई सकुशल १उद्दार गरी अपहरणमा सलंग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरू उपर जिल्ला अदालत पर्साबाट अपहरण वा शरीर बन्धक सम्बन्धी कसुरमा ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## स्रोत नखुलेको रकम सहित चार जना पक्राउ

***काठमाडौं, २२ वैशाख***

काठमाडौं महानगरपालिका-९ पिङ्गलास्थानस्थित पशुपति भिजन अगाडी सडकबाट स्रोत नखुलेको नगद ९५ लाख १७ हजार ५ सय रूपैयाँ सहित ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा तार्केश्वर नगरपालिका-३ फेदी घर भएका २९ वर्षीय समुन्द्र जमकट्टेल, सप्तरी सप्तकोशी नगरपालिका-१ घर भएका ४३ वर्षीय गणेश राई, लमजुङ दोदी गाउँपालिका-३ घर भएका ३१ वर्षीय सन्तोष गुरूङ र ३९ वर्षीय सन्तोष घिमिरे रहेका छन्। जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको उनीहरूलाई उक्त नगद सहित पक्राउ गरेको हो। सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## भरूवा बन्दुक सहित एक जना पक्राउ

***पाँचथर, ३१ वैशाख***

फाल्गुनन्द गाउँपालिका-१ उतेसेनीस्थित जंगलबाट भरूवा बन्दुक १ थान सहित फिदिम नगरपालिका-९ देरनी बस्ने ३३ वर्षीय मन बहादुर सम्बाहाम्फेलाई प्रहरीले पक्राउ गरेको छ। मन बहादुर र सोही ठाउँ बस्ने सुन्दर सारू मगर उक्त जंगलमा सिकार खेल्न जाने क्रममा बाटोमा मानिस आउँदै गरेको देखी सुन्दरले बन्दुक झाडी भित्र लुकाउने क्रममा बन्दुक पड्किँदा सुन्दर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी नवमीडाँडाबाट खटिएको प्रहरीले मन बहादुरलाई उक्त बन्दुक सहित पक्राउ गरी सुन्दरलाई उपचारको लागि जिल्ला अस्पताल पाँचथर पठाएकोमा उनको उपचारको क्रममा मृत्यु भएको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## गृहमन्त्रीको साथी हुँ भन्दै धाक धम्की दिने व्यक्ति पक्राउ

***काठमाडौं, २९ वैशाख***

गृहमन्त्रीको साथी हुँ भन्दै धाक धम्की दिएको अभियोगमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-३ घर भएका ५० वर्षीय राज कुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। आफू गृहमन्त्रीको साथी हुँ भनि विभिन्न कार्यालयका राष्ट्रसेवक कर्मचारीहरूलाई टेलिफोन मार्फत गाली गलौच, डरत्रास तथा धाक धम्की दिई दैनिक काम काजमा समेत बाधा अवरोध गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-८ तीनदोबाटोबाट पक्राउ गरेको हो। उनलाई राष्ट्रसेवक कर्मचारीलाई काम काजमा बाधा बिरोध गर्न नहुने कसूरमा थप अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

## हुण्डी कारोबारमा संलग्न दुई जना पक्राउ

***काठमाडौं, २९ वैशाख***

हुण्डी कारोबारमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-३२ बस्ने खोटाङ बराहपोखरी गाउँपालिका-२ घर भएका २३ वर्षीय बिजय कुमार राई र रामेछाप मन्थली नगरपालिका-६ घर भएका २८ वर्षीय खेटराज श्रेष्ठ रहेका छन्। काठमाडौं महानगरपालिका-२२ न्यूरोड एरियामा नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन विपरीत हुण्डी मार्फत बित्तिय कारोबार हुने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई हुण्डी कारोबारको लागि बोकेको ४२ लाख १० हजार रूपैयाँ सहित फेला पारी पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – जबरजस्ती करणी

म जाहेरवालाको छोरी वर्ष १० की परिवर्तित नाम आश्राङ १ कुमारी कक्षा २ मा अध्ययन गर्दै आईरहेकीमा देश म्यानमार घर बताउने (रोहिंगा शरणार्थी) वर्ष २२ को प्रतिवादी मोहमद लुटफार रेहमान काजलले निज छोरीलाई मिति २०८२।०१।०५ गते अं. १७:०० बजेको समयमा ललाई फकाई प्रलोभन देखाई ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं.२७ सुनाकोठी बालकुमारी चौरको एकान्त स्थानमा लगि जबरजस्ती करणी गरेको हुँदा प्रतिवादी उपर कानून बमोजिम कारवाही गरी पाउँ भन्ने व्यहोराको पीडितको आमा वर्ष ३१ की परिवर्तित नाम आश्राङ ३ कुमारीले जाहेरी दरखास्त पेश गरेकोमा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा सम्मानित ललितपुर जिल्ला अदालतको मिति २०८२।०१।३१ गतेको आदेशानुसार निज प्रतिवादी पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – ठगी

प्रतिवादी जानकी न्यौपानेले आफू कानून मन्त्रालयको उपसचिव हुँ भनी ठेक्काको काम मिलाई दिने, सिंहदरवार भित्र जागिर लगाई दिने र पसलको अनुदान र स्कलरसिप मिलाई दिने प्रलोभनमा पारी जाहेरवाला/निवेदकहरू क्रमश: प्रकाश निरौला, इन्दिरा खड्का र टोप बहादुर खड्का समेतबाट क्रमश: रु.७,४५,०००।-, रु.१५,८००।- र रु.१६,०००।- गरी जम्मा रु.७,७६,८००।- ठगी गरी लिई खाएको हुँदा कानून वमोजिम कारवाही गरिपाउँ भन्ने समेत व्यहोराको तत् तत् व्यक्तिको जाहेरी दरखास्त तथा उजुरी पर्न आएकोमाअनुसन्धानको क्रममा प्रतिवादीहरुलाई पक्राउ गरी सम्मानित ललितपुर जिल्ला अदालतमा पेश हुंदा सम्मानित अदालतको आदेशानुसार प्रतिवादीहरु जनही रु.१/१ लाख धरौटीमा छुटेको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८१।१२।२५ गते अं. १२:३० बजेको समयमा जिल्ला सुनसरी धरान ६ पाँचकन्या स्थित रहेको सामुदायिक वन भित्र रहेको लसुनेको रुखको फेदमा झोलाको जस्तो देखिने कालो रङको फित्ता घाँटीमा बाधिएको अवस्थामा जिल्ला धनकुटा महालक्ष्मी नगरपालिका वडा नं.१ खाप्राङ बस्ने अगम बहादुर दाहालको छोरी बर्ष ३४ की चुन कुमारी दाहाल बुढाथोकी मृत अवस्थामा फेला परेकी हुँदा निजलाई जिल्ला पाँचथर मिक्लाजुङ गाउँपालिका वडा नं.७ लुमाङदिङ घर भई हाल जिल्ला मोरङ उर्लाबारी न.पा. वडा नं.५ फागुटोल बस्ने बर्ष ३६ को योगेन्द्र गौतम, जिल्ला धनकुटा महालक्ष्मी नगरपालिका वडा नं.२ मुलखर्क बस्ने बर्ष ३२ को प्रेम बहादुर बुढाथोकी, जिल्ला धनकुटा महालक्ष्मी नगरपालिका वडा नं.२ मुलखर्क घर भई जिल्ला मोरङ पथरीशनिश्चरे नगरपालिका वडा नं.३ संगमचोक बस्ने बर्ष २९ को ढकेन्द्र बुढाथोकी, जिल्ला धनकुटा महालक्ष्मी नगरपालिका वडा नं.२ माईती भएकी योगेन्द्र गौतमको श्रीमती हाल जिल्ला मोरङ उर्लाबारी न.पा. वडा नं.५ फागुटोल बस्ने बर्ष २८ की डेनु बुढाथोकी, जिल्ला धनकुटा मारेककटहरे वडा नं.७ हाल महालक्ष्मी नगरपालिका वडा नं.२ मुलखर्क घर भई हाल जिल्ला मोरङ पथरीशनिश्चरे नगरपालिका वडा नं.३ संगमचोक बस्ने ढकेन्द्र बुढाथोकीको पत्नी बर्ष २५ की सृष्टी बुढाथोकी, जिल्ला मोरङ पथरीशनिश्चरे न.पा. वडा नं.३ आईतबारे बस्ने बर्ष ४० को केशवराज दाहाल, देश भारत आसाम राज्य जिल्ला सोनितपुर, तेजपुर खकन बस्ती बस्ने बर्ष अन्दाजी ३५/४० को राजु थापा समेतले कर्तव्य गरी मारेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेत व्यहोराको मृतकको भाई लिल बहादुर दाहालको मिति २०८१।१२।२८ गतेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात जाहेरीमा उल्लेखित राजु थापा बाहेकको प्रतिवादीहरु सम्मानित सुनसरी जिल्ला अदालतको मिति २०८२।०१।३० गतेको आदेशले कारागार चलान भएको । फरार प्रतिवादी राजु थापाको खोजतलास भईरहेको।

## मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूर

मिति २०८१/११/२९ गते बिहान अ.०९:०० बजेको समयमा जिल्ला सिरहा गोलबजार न.पा. वडा नं.९ गोविनपुर टोल स्थितबाट मेरो भतिजि नाता पर्ने अं. वर्ष १३ की गुलसाना खातुन हराएकोले खोजतलास गरी पाउँ भनि यस कार्यालयमा निजको आमा जहेदा खातुनले निवेदन पेश गरेकोले निज हराएको बालिकालाई हुलिया सहितको परिपत्र समेत गरी खोजतलास गर्ने क्रममा मिति २०८१/१२/१२ गते अं. १२:०० बजेको समयमा जिल्ला सिरहा गोलबजार न.पा. वडा नं. ९ घुर्मी खोलाको किनारमा अं.१३/१४ वर्ष की बालिका मृत अवस्थामा फेला परेको छ भनि गाउँटोलमा मानिसहरूबाट सुनी थाहा पाई उक्त स्थानमा गई मृतक बालिकाको लाश हेर्दा निजले लगाएको कानको बाली(झुमका) र नाकको नथिया समेतबाट मृतक बालिकाको लाश ऐ.ऐ. बस्ने बेचन अली र जहेदा खातुनको अं. वर्ष १३ की गुलसना खातुन हो भनि मृतक बालिकाको काका नाता पर्ने सफिजुल रहमानले हेरी चिनी सनाखत गरी यो निवेदन पेश गरेको छु। उक्त घटना सम्बन्धमा सत्य तथ्य छानविन गरी दोषी खुली आएको बखत पुरक जाहेरी दिने नै छु हाल यसै निवेदकलाई आधार मानी लाश जाँच लगायतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न गरी मृतक लाश मेरो जिम्मा पाउँ भनि व्यहोरा समेत निवेदन प्राप्त हुन आएको हुँदा प्रहरी अनुसन्धानवाट मिति २०८१।११।२९ गते ९:०० बजे बिर बहादुर सार्कीले आफ्नो मकै बारीमा पाडो तथा अन्य जनावरबाट मकै बाली जोगाउन बिद्युतिय धराप लगाएकोमा केहि बेर मै एउटा केटी चिच्याएको आवाज आए पश्चात सो स्थानमा गई हेर्दा सोही समयमा खैरो कालो सल, कुर्ता सुरूवाल लगाएको केटि तार नजिक लडिरहेको र सोहि नजिक मृतक गुलसना खातुनले ल्याएको हसिया, खुर्पा, रातो चप्पल र चामलको निलो रंगको बोरा रहेको देखि निज बिर बहादुर सार्कीले पहेलो बोरामा निज मृतकको लाशलाई घुर्मी खोलाको किनार नजिक लगी खुर्पाले खाल्टो खनी पुरेको खुल्न आएको, अनुसन्धानपश्चात मिति २०८२/०१/२१ गतेको सम्मानित सिरहा जिल्ला अदालत सिरहाको थुनछेक आदेशानुसार मुद्दा पुर्पक्षको लागि प्रतिवादी विर बहादुर सार्कीलाई थुनामा राख्न कारागार पठाईएको ।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०८२।०१।०८ गते अं. १९:०० बजेको समयमा जिल्ला तनहुँ घिरिङ गा.पा. वडा नं. ४ थामडाँडा स्थित कमला परियारले आफ्नै ४ महिनाको छोरा अर्जुन परियारको टाउकोमा ढुंङ्गाले प्रहार गरी गम्भीर घाईते बनाएकोमा उपचारको क्रममा ऐ. मितिको २१:३० बजेको समयमा रामपुर अस्पताल, पाल्पामा मृत्य भएको घटनामा जाहेरी दरखास्त प्राप्त भएपश्चात प्रतिवादीअर्जुन परियारलाई पक्राउ गरी सम्पूर्ण अनुसन्धान कार्य सम्पन्न भएपश्चात सम्मानित जिल्ला अदालत तनहुँको मिति २०८२।०१।३० गतेको आदेशले पुर्पक्षको लागि थुनामा कारागार पठाईएको।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

## नेपाल प्रहरी प्रधान कार्यालय
## अपराध अनुसन्धान विभाग
## नक्साल काठमाडौं

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np